सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९




तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।



♦ वर्ष ९ ♦ अंक ३४१ ♦ २०८३ साल भदौ १७ बुधवार ♦ 2 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# बाढी प्रभावितलाई एक करोड ९६ लाखको राहत दिने मधेश सरकारको निर्णय

**खबर दर्पण समाचारदाता**

**भदौ १६ गते, बर्दिवास**



मधेश प्रदेश सरकारले रसुवाको भोटेकोशी तथा त्रिशूली नदी क्षेत्रमा आएको बाढीबाट प्रभावित आफ्ना नागरिकका लागि एक करोड ९६ लाख रुपियाँ बराबरको राहत सामग्री उपलब्ध गराउने निर्णय गरेको छ ।

मङ्गलबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले बाढी तथा त्यसबाट सिर्जित विपद्का कारण प्रभावित मधेश प्रदेशका नागरिकलाई राहत, उपचार तथा आवश्यक व्यवस्थापन गर्ने निर्णय गरेको हो । बैठकका निर्णयबारे प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिनुभयो ।

सरकारले बाढीका कारण मृत्यु भएका मधेश प्रदेशका नागरिकका परिवार वा प्रचलित कानुनबमोजिमका नजिकका हकवालालाई प्रति मृतक एक लाखका दरले पारिवारिक राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

त्यस्तै, विपद्मा परी घाइते भएका नागरिकलाई मधेश प्रदेश सरकारअन्तर्गतका स्वास्थ्य संस्थामा उपलब्ध हुन नसक्ने विशेषज्ञ सेवा वा अत्यावश्यक उपचारको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहजीकरण गर्न निर्देशन दिइएको छ ।

बाढी प्रभावित क्षेत्रमा आवश्यकताका आधारमा ७ हजार थान कम्बल र ७ सय सेट टेन्ट उपलब्ध गराइने भएको छ । ती राहत सामग्री १ करोड ९६ लाख रुपियाँ बराबरका छन् । सामग्री गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोमार्फत नुवाकोट र रसुवाका जिल्ला प्रशासन कार्यालय, बागमती प्रदेश सरकार तथा प्रभावित स्थानीय तहका जनप्रतिनिधिको रोहबरमा हस्तान्तरण गरिने निर्णय भएको छ ।

मन्त्रिपरिषद् बैठकले स्थानीय सेवा-गठन तथा सञ्चालन ऐन, २०८१ मा आवश्यक संशोधनका लागि तयार गरिएको मस्यौदामा राय तथा परामर्श लिन प्रचलित कानुनबमोजिम प्रदेश लोकसेवा आयोगमा पठाउने निर्णय पनि गरेको छ ।

यसैगरी, स्थानीय तहमा कार्यरत कर्मचारीको सरुवा प्रक्रियालाई व्यवस्थित, पारदर्शी र न्यायोचित बनाउन तयार गरिएको 'स्थानीय तहका कर्मचारीहरूको सरुवा मापदण्ड, २०८३' समेत बैठकले स्वीकृत गरेको मन्त्री भट्टराईले जानकारी दिनुभयो ।

# कृषिसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न विज्ञको सुझाव

**खबर दर्पण समाचारदाता**

**भदौ १६ गते, बर्दिवास**




धनुषाका किसानले खेतीपातीका साथै कृषिसँग सम्बन्धित व्यवसाय सञ्चालन गरेको खण्डमा व्यापक आम्दानी गर्न सकिने भन्दै व्यवसायसँग जोडिन विज्ञले सुझाव दिनु भएको छ । प्रकृतिमा आधारित स्थानीय कृषि खाद्य प्रणालीका लागि नागरिक समाज (दिगो कृषि) परियोजना अन्तर्गत धनुषाका शहिदनगर नगरपालिका ,गणेशमान चारनाथ नगरपालिका र जनकनन्दनी गाँउपालिकामा जनचेतना अभियान नेपालले गरेको एक सर्वेक्षणमा ती स्थानीय तहमा जलवायु मैत्री कृषिमा अधारित अदुवा, बेसार ,मोरिङ्गा ,मसरुम ,मसला उद्योग ,माहुरी पालन,भरमी कम्पोष्ट मलको निर्माण सहितका कृषिसँग सम्बन्धित व्यवसाय सञ्चालन गरेको खण्डमा मनग्य आम्दानीका साथै व्यवसाय गर्न लागत पनि कम लाग्ने सर्वेक्षण टोलीमा सहभागी जनचेतना अभियानका जितेन्द्र रायले जानकारी दिनुभयो ।

धनुषाको उक्त तीन स्थानीय तहमा सर्वेक्षण पश्चात आएका विषयवस्तुका सम्बन्धमा सरोकारवालासँग सहमति र सुझाव लिन डव्लुडव्लु एच एच (वेल्ट हेन्गार हिलफे ) को आर्थिक सहयोगमा जनचेतना अभियान नेपालले मंगलबार जनकपुरधाममा आयोजना गरेको छलफल कार्यक्रममा सर्वेक्षण टिमका संयोजक पुरुषोतम गुप्ताले दुई सय ५४ घरधुरीमा पुगेर सोधखोज गरिएको बताउनुभयो ।

तीन स्थानीय तहमा सञ्चालित उक्त परियोजना मार्फत नेपालमा उत्पादित खाद्यान्न सामग्रीको प्रयोगका लागि जनचेतना जगाउने कामदेखि लिएर कम लगानीमा व्यवसाय सञ्चालनका लागि केही किसानलाई तालिम समेत दिइएको उहाँको भनाई थियो ।

धनुषाको उक्त तीन स्थानीय तहमा सञ्चालित दिगो कृषि परियोजना मार्फत ९० जना किसानलाई आर्थिक सहयोग दिएर कृषिमा आधारित व्यवसायी बनाउने लक्ष्य रहेको जनचेतना अभियान नेपालका कार्यकारी निर्देशक सुनिल कुमार यादवको भनाई छ ।

# मधेशको जलस्रोत तथा जलवायु अनुकूलनबारे प्रदेश नीति आयोगसँग छलफल

**खबर दर्पण समाचारदाता**

**भदौ १६ गते, बर्दिवास**

मधेश प्रदेशको जलस्रोत व्यवस्थापन तथा जलवायु अनुकूलनका विषयमा प्रदेश नीति तथा योजना आयोग र संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी)बीच छलफल भएको छ ।

मंगलबार जनकपुरधामस्थित प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहको उपस्थितिमा यूएनडीपीका साझेदारी तथा सञ्चार विश्लेषक तामोई फुजीलगायतको टोलीको सहभागितामा उक्त छलफल गरिएको हो ।

छलफलमा मधेश प्रदेशका प्रमुख जलस्रोत, जल क्षेत्रको रणनीतिक व्यवस्थापन, जलस्रोतको नक्साङ्कन, सिँचाइ तथा पानीको अभाव, खडेरीजन्य समस्या, कृषि उत्पादकत्वका पछिल्ला प्रवृत्ति र यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीका विषयमा छलफल भएको आयोगका उपाध्यक्ष सिंहले बताउनुभयो । उहाँले मधेशको चुनौती, समस्या र आवश्यकतालाय पहिचान गरी साझेदार संस्थाहरुसँगको समन्वयमा आगामी कार्य गरिने बताउनुभयो ।

उहाँले बन्नुभयो,"हामीसँग तथ्यांको कमी छ, योजना बनाउनका लागि सहि तथ्यांकको आश्यकता पर्दछ त्यसकारण तथ्यांकका लागि मन्त्रलायलाई पत्र समेत पठाइएको छ र आजै उर्जा, सिँचाइ, तथा खानपानी र भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग छलफल गरी आगामी कार्य योजना तयार पारिने छ ।

विगतका दिनमा साझेदार संस्थाहरुले आफैले कार्यक्रा सञ्चालन गर्दै आइरहेका थिए । तर, अब प्रदेशसँगको समन्वयमा आवश्यकता अनुसारको कार्ययोजनातयार पारी डिपीआर तयार पारिने उपाध्याक्ष सिंहले बताउनुभयो ।

त्यसैगरी जलवायु अनुकूल प्रविधिको प्रयोग तथा सङ्घीय सरकार, विश्व बैंक, एसियाली विकास बैंक, यूएनडीपीलगायत द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट सञ्चालित र वित्तपोषित प्रमुख परियोजनाका विषयमा समेत छलफल गरिएको थियो ।

मधेश प्रदेशमा जलस्रोतको दिगो तथा प्रभावकारी व्यवस्थापन, जलवायु परिवर्तनका प्रतिकूल प्रभावको न्यूनीकरण र कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धिका लागि आवश्यक नीति, योजना तथा लगानीका प्राथमिकता निर्धारण गर्न छलफल उपयोगी हुने अपेक्षा गरिएको छ ।

# भोटेकोशीको बाढीमा मधेशको आँसु

- धर्मेन्द्र झा




मधेश आमसञ्चार प्राधिकरणका निवर्तमान अध्यक्ष एवं सप्तरीका पत्रकार श्यामसुन्दर यादव रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि बडो दिक्दार अवस्थामा छन्। त्रिशूली नजिकैको बेत्रावतीमा डेरा गरी बसिरहेका उनका भाइ ३६ वर्षीय इन्जिनियर अजय (सप्तरीको विष्णुपुर गाउँपालिका-१, खुरहुरियावासी) बाढीपछि सम्पर्कमा छैनन्।

नुवाकोटको उत्तरगया-५ स्थित नीलकण्ठमा कार्यरत भाइ अजयको खोजीमा निकै भौंतारिएका श्यामले कतैबाट पनि सन्तोषजनक जवाफ पाएनन्। यो सन्दर्भ श्याम र अजय दाजुभाइको मात्र होइन। सप्तरीका मात्र ४८ परिवार यतिखेर आँसुको भेलमा डुबेका छन्। तराई/मधेशका थुप्रै परिवारको कथाव्यथा अहिले यस्तै छ।

भदौ १० को बिहान भोटेकोशी हुँदै त्रिशूली र नारायणीमा आएको प्रलयकारी भीषण बाढीको असर प्रत्यक्ष प्रभावित क्षेत्र रसुवा, नुवाकोट र धादिङ जिल्लासम्म मात्र सीमित रहेन; प्रत्यक्ष/अप्रत्यक्ष यसको प्रभाव सम्पूर्ण नेपाल र विश्वका थुप्रै देशसम्म अनुभूत गरियो। बाढीमा परेर नेपाली सहित २६ देशका पर्यटक समस्यामा परे। कतिको मृत्यु भयो, कति बेपत्ता भए– स्पष्ट तथ्याङ्क कसैसँग छैन। जो भेटिए, तिनीहरू पनि अत्यन्त सकसपूर्ण अवस्थामा थिए। भेटिएकाले आफूलाई भाग्यमानी ठाने।

## हिमालमा बाढी, मधेशमा पीडा

माथि चर्चा गरिए जस्तै बाढीको असर धेरै ठाउँमा धेरै प्रकारले पर्‍यो। कहालीलाग्दो बाढीबाट अत्यधिक प्रभावित हुने क्षेत्रमा मधेश पनि पर्‍यो। त्यसो त भौगोलिक रूपमा मधेश र बाढीको मूल प्रभावित क्षेत्रको प्रत्यक्ष सामाजिक साइनो देखिँदैन। दुवै भूगोल बीचको दूरी पनि निकै छ; तर हिमाली क्षेत्र रसुवामा निम्तिएको कहरका कारण मधेशमा पनि थुप्रैका आँखा रसाए। कति भक्कानिए। कतिको आँखा त अझै ओभाएको छैन।

बाढीको कहरपछि धेरै घरमा निभेको चुलो अझै बल्न सकेको छैन। हिमालमा लागेको घाउको पीडा मधेशमा बल्झिएको छ।

जातीय, क्षेत्रीय, सम्प्रदायका आधारमा राजनीतिको रोटी सेक्न बानी परेकाहरूले त विगतमा आपसमा दूरी बढाउने प्रयास गरेकै हुन्। भूगोल र भाषाका आधारमा विभाजनको मनस्थितिको निर्माणमा सघाएकै हुन्। आफ्ना निहित स्वार्थसामु राष्ट्रिय भावनाको लिलामी गरेकै हुन्। तर तिनले के सोचेनन् भने हिमालको पानी आखिर जान्छ कहाँ ? जलवायु परिवर्तनको प्रभाव पर्छ कहाँ ? हिमालमा बनेका हिमताल, हिमनदीको उपद्रवको मार पर्छ कहाँ ?

निश्चय पनि यी प्रश्नको उत्तर कुनै खास भूगोल, खास समाज र समुदाय, कुनै खास वर्ग र भाषासँग मात्र सम्बन्धित छैन।

त्यसो नहुँदो हो त पत्रकार श्यामका आँखा किन ओभानो हुन सकेनन् ? मधेशमा निभेका अँगेनाहरू पुनः बल्न किन यति धेरै ढिला भयो ? त्यहाँका आमाका काख किन रित्तिए ? सिउँदो किन पुछिए ? अनि रक्षाबन्धनका लागि दाजुभाइको प्रतीक्षामा रहेका दिदीबहिनीको हाँसो किन सधैंका लागि हरायो ? किन ? उत्तर त एउटै छ– देश त हामी सबैको हो। देशको भूगोल त साझा हो नि !

## बेहिसाब क्षति

रसुवाको बाढी आएको तेस्रो दिन अर्थात् भदौ १२ का दिन म र पत्रकार भाइ दीपक आचार्य मोटरसाइकलमा नुवाकोट गएका थियौं। मोटरसाइकल दीपकले चलाएका थिए। हामीले ककनीको बाटो रोजेका थियौं। त्यसो त त्यस दिनसम्म नदीमा पानीको बहाव कम भइसकेको थियो, तर मनमा एक किसिमको अत्यास बाँकी नै थियो। त्यसैले हामीले तुलनात्मक रूपमा खोला कम भएको बाटो रोज्यौं। दीपक पनि विराटनगरका हुन्। यस अर्थमा उनले पनि मधेश बुझेका छन् भन्ने मेरो ठम्याइ हो।

जानकारहरूका अनुसार यो प्रलयबाट ७४८ मेगावाट जलविद्युत् उत्पादन प्रभावित हुन पुगेको छ। दर्जनौं पुल ध्वस्त भएका छन्। सयौं किलोमिटर सडक टुटेको छ। आधा घण्टाभित्र त्रिशूली नदीको जलसतह ९ मिटर बढेको दाबी गर्ने गरिएको छ। के यसको प्रभाव प्रभावित क्षेत्रसम्म मात्र सीमित छ ? निश्चय पनि मधेशलाई पनि दुःखेको छ।

मधेशका थुप्रै व्यक्ति यस क्षेत्रमा रोजगारका सन्दर्भमा उपस्थित थिए र छन्। प्रहरीका अनुसार बाढीमा आइतबार (भदौ १४) सम्म परी १६२ जना सम्पर्कविहीन भएको जानकारी छ। विभिन्न व्यापार, व्यवसायका अतिरिक्त शिक्षण र विभिन्न कार्यालयमा कर्मचारीका रूपमा क्रियाशील मधेशका बासिन्दाका लागि महत्त्वपूर्ण रोजगारको केन्द्रका रूपमा परिचित छ यो क्षेत्र। यति मात्र होइन, यी क्षेत्रमा निर्मित र निर्माणाधीन अनेकौं जलविद्युत् आयोजनामा इन्जिनियर, प्राविधिक, कर्मचारी र मजदुरका रूपमा मधेशवासी क्रियाशील थिए।

यस्तै एक जना इन्जिनियर हुन्, श्यामका भाइ अजय। यस क्षेत्रमा अजय जस्तै मधेशका अनेकौं इन्जिनियर कार्यरत रहेको जानकारी हामीले प्राप्त गरेका थियौं।

## सञ्चारकर्मी र सञ्चार संस्था प्रभावित

हामी नुवाकोटको विदुर पुग्दा करीब ११ बजेको थियो। एक दिन पहिला अर्थात् ११ गते स्थानीय पत्रकारहरू बाबुराम लामिछाने, शिव देवकोटा र ध्रुव रावलसँग सम्पर्क भएको थियो। मैले केही जानकारी प्राप्त गरेको थिएँ। नुवाकोट जाँदा तिनैबाट प्राप्त जानकारी सहयोगीसिद्ध भएको थियो।

त्यहाँ पुगेर जानकारी प्राप्त भयो– स्थानीय सञ्चारमाध्यम प्रायः सबैजसो प्रभावित भएका रहेछन्। स्थानीय रेडियो त सबैजसो प्रभावित थिए। एक जना स्थानीय पत्रकार राजकुमार नेपाली पनि बेपत्ता रहेछन्। यसका अतिरिक्त अन्य सञ्चारकर्मीहरू टेकबहादुर थामी, शेखर ढुङ्गाना (दम्पती), केशव न्यौपाने, सुरेश सिम्खडा लगायत पनि हालसम्म नभेटिएको थाहा पाउँदा साह्रै नरमाइलो लाग्यो। यीमध्ये अधिकांशसँग मेरो व्यक्तिगत सम्पर्क छ।

स्थानीय पत्रकार बाबुरामसँगको कुराकानीपछि थाहा भयो– गाउँमा रहेको उनको खेतबारी पनि बाढीले बगाएछ। त्यस्तै पत्रकार निराजन र विद्या राजपुतका अभिभावक, पत्रकार लोग्सरी कुँवरका आफन्त पनि सम्पर्कमा नरहेको र पत्रकार किरण अधिकारीको घर र कार्यालय बगाएको जानकारी मेरा लागि हृदयविदारक थियो। मैले र दीपकले त्यहाँ औपचारिक रूपमा कसैलाई भेट्ने जमर्को गरेनौं। नढाँटी भन्दा यति जानकारी पाएपछि कसैलाई भेट्ने र कुराकानी गर्ने आँट आएन।

## भाइ खोज्दै श्याम

बट्टारस्थित नम्बर १ सैन्य तालिम केन्द्र 'मैथली ब्यारेक' को सामुन्ने निकै भीडभाड देखिएको थियो। आफन्त हराएकाहरू तिनको खोजीमा त्यहाँ एकत्रित थिए। ब्यारेकको सामुन्ने टाँसिएका सूचनापाटीमा नाम हेर्न तँछाडमछाड चलिरहेको थियो। कुनै पनि हेलिकोप्टर ब्यारेक आउँदा त्यहाँ हेर्नेको भीड लाग्ने गरेको हामीले देख्यौं।

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भोटेकोशीको बाढीमा मधेशको ..............

हराएका आफन्तका बारेमा जानकारी प्राप्त गर्ने भरोसाको एकमात्र स्थान बनेको त्यो ब्यारेकमै भेटिएका थिए श्याम।

उनका अनुसार भाइको कुनै अत्तोपत्तो छैन। उनले भने, 'बेत्रावती क्षेत्रमा बसोबास गर्ने अजयसँग १० गते बिहान करीब साढे ७ बजेतिर फोनमा कुरा भएको थियो। त्यसको केहीबेरपछि त बाढीले ताण्डव देखाइहाल्यो।'

उनका अनुसार पछि १०-१२ किलोमिटरको 'रेन्ज' मा उनको फोनको लोकेसन देखिएको थियो। 'त्यसपछिको लोकेसन पाइएन', श्याम भक्कानिए। हामीसँग सान्त्वनाका शब्द थिएनन्। उनले भने, 'भाइ मात्र होइन, यहाँ मधेशका धेरै जना कार्यरत थिए, धेरै हर इरहेका छन्। खोजी कार्यबाट हामीले सन्तोष मान्न सक्ने अवस्था छैन।'

उनले आफ्नो घरको दुःखद् अवस्थाको बेलीविस्तार लगाउँदै भाइको खोजीमा सहयोगका लागि अपिल गरेका छन्। उनले भने, 'बिन्ती छ दाइ, मेरो भाइको खोजी गर्न सहयोग गर्नुस्!'

यस्तै अपिल सामाजिक सञ्जाल मार्फत धनुषाको कमला नगर पालिकाकी पूजा साहको पनि छ। बाढी प्रभावित क्षेत्रको मैलुङमा कार्यरत ३० वर्षीय इन्जिनियर पति अजय सिंह पनि बाढीपछि सम्पर्कमा छैनन्। उनको आरोप छ– उनका पति भएको क्षेत्रमा उद्धार टोली गएकै छैन। त्यहाँ उनका पतिसँगै थुप्रै व्यक्ति हराइर हेका छन्, जो शायद राहत-उद्धारको प्रतीक्षामा छन्। अजय समेत धनुषाका ६ जना अझै बेपत्ता छन्।

## नुवाकोटमा मिथिला र मैथली

बट्टारमा म आकर्षित भएको अर्को सन्दर्भ थियो मैथली ब्यारेक। म मैथिलीभाषी र यहाँ 'मैथली ब्यारेक' ! जिज्ञासा जाग्यो– मिथिला र यो मैथली बीच कुनै सम्बन्ध त छैन ? खोजीनिती गर्दै जाँदा केही सम्बन्ध रहेको जानकारी प्राप्त भयो। खासमा यो स्थान विगतमा 'मैथिलटार' भनेर चिनिंदो रहेछ।

इतिहासमा एउटा सन्दर्भ छ– ठूलो अनिकाल लागेर जनता मर्न थालेपछि भक्तपुरका राजालाई सपनामा इष्टदेवताले मिथिला क्षेत्रका ब्राह्मण ल्याएर महायज्ञ गरे सहकाल हुने बताएछन्। सोही बमोजिम राजाले मिथिला क्षेत्रबाट झा र मिश्र पण्डित झिकाएर महायज्ञ लगाएपछि इष्टदेवताले भने जस्तै भएको मानिन्छ (हिमालखबर)। राजाले खुशी भएर भक्तपुरमै बस्न आग्रह गर्दा ती ब्राह्मणले आफूहरू माछा र आँप खाने ठाउँका भएकाले भक्तपुरको हावापानी सुहाउँदो नभएको बताए। त्यसपछि उनीहरूका लागि माछा, आँप र सुहाउँदो हावापानी भएको ठाउँ खोज्दा नुवाकोटमा फेला पऱ्यो। यसरी त्यसबेला उपत्यकाका राजाहरूको अधीनमा रहेको नुवाकोटको एउटा गाउँमा मैथिलहरूको बसोबास शुरु भएको विश्वास गरिन्छ। प्रचलित लोकोक्ति अनुसार तिनै मैथिल बस्ने ठाउँ कालान्तरमा मैथिलटार बनेको यो ठाउँ अहिले विदुर नगरपालिका-३ र ४ मा पर्छ, जहाँ मैथली भगवतीको मन्दिर छ। मन्दिरनजिकैको खोलाको नाम पनि मैथली नै हो।

करिब तीन सय रोपनी क्षेत्रफलको मैथिलटारमा अहिले झा र मिश्रका सन्तानको बसोबास छैन। नुवाकोट विदुरस्थित पृथ्वी माध्यमिक विद्यालयका शिक्षक बाबुराम लामिछानेका अनुसार यस क्षेत्रको थप अनुसन्धान आवश्यक छ। मिथिला र मैथली मिलेकाले यी दुवै बीच केही सम्बन्ध पक्कै हुन सक्छ। इतिहास खोतल्नुपर्छ।

स्थानीय पत्रकार शिव देवकोटा स्थानीय बुद्धिजीवी धननारायण चित्रकारको भनाइ उल्लेख गर्दै नुवाकोटको मैथिलटारमा करिब ४०० वर्षअघि मैथिल ब्राह्मणहरूको बसोबास रहेको आफूहरूले सुनेको बताए। स्थानीय जानकारका अनुसार सरकारले २०१९ सालमा उक्त स्थानमा सेनाको ब्यारेक राखेको हो। अहिले यहाँ नेपाली सेनाको तालिम केन्द्र छ, जसलाई मैथली ब्यारेक भनिन्छ।

## मिडियाको भूमिका के ?

हामी काठमाडौं फर्किंदा साँझको करिब ६ बजिसकेको थियो। हामी बाटाभरि अन्यमनस्क भावमा थियौं। दीपक र म बीच धेरै कुरा पनि भएन। विचार र अभिव्यक्तिमाथि शायद भावना, भावुकताको कब्जा भइसकेको थियो। यति कुरा त हो, रसुवा बाढीको प्रभाव रसुवा, नुवाकोट र धादिङसम्म मात्र सीमित छैन। भोटेकोशीको पानी तराई/मधेशमा आँसु बनेर उर्लेको छ। अन्यत्रको पनि अवस्था यस्तै होला।

हामीले बाटोमा एउटा विषयमा भने एकछिन कुरा गरेका थियौं– यस्तोमा मिडिया र पत्रकारले कस्तो र कसरी भूमिका निर्वाह गर्ने ? हामीले नुवाकोटको फिल्डमा देख्यौं– त्यहाँ त स्वदेशीभन्दा विदेशी मिडिया पो बढी थिए। केही नेपाली पत्रकार 'फिक्सर' को भूमिकामा भए जस्तो लाग्यो। त्यहाँ रहेका मिडियाका लागि त्यो घटना मानवता जगेर्नाको अवसर थियो कि बिक्रीयोग्य समाचार खोज्ने उद्देश्य बढी थियो ? सञ्चारकर्म अन्तर्गत सन्देश महत्त्वपूर्ण हो कि 'टीआरपी' र 'भ्युज' को गणना ?

यस्ता अनेक सन्दर्भ र प्रश्न थिए, जसको स्पष्ट जवाफ हामीसँग थिएन। दीपक र म आ-आफ्नो निवास फर्कियौं। आज जनैपूर्णिमा र रक्षाबन्धन थियो, तर मनमा खासै उल्लास र उत्साह थिएन।

## मधेशमा मौनता

भोलिपल्ट अर्थात् १३ गते मैले एकपटक मधेश जाने निर्णय पनि गरें। बिहान दक्षिणकालीको बाटो भएर हेटौंडा-हरिहरपुरगढी, महेन्द्रझाडी, मरिन, सिन्धुली बजारहुँदै बर्दिवास पुग्दा दिउँसोको करिब ३ बजिसकेको थियो। मैले त्यहाँ नेपाल पत्रकार महासङ्घ सर्लाहीका अध्यक्ष भाञ्जा ओमप्रकाश ठाकुरसँग सम्पर्क गरें। उनी मोटरसाइकल लिएर आए। हामी अब उनको गाउँ पिपरिया गइरहेका थियौं।

नवलपुरबाट करिब १२ किलोमिटर गएर त्यहाँबाट झन्डै तीन किलोमिटरको दूरीमा छ पिपरिया। ओमप्रकाशका अनुसार सर्लाहीका १६ जना सम्पर्कविहीन छन्, ती सबै परिवार शोकमा डुबेको छ। उनी भन्दै थिए, 'स्थानीय प्रशासनमाथि खोजीका लागि निकै ठूलो दबाब छ।'

१३ गतेको रात मैले पिपरियामै बिताएँ। भोलिपल्ट बिहान उनले मलाई पथलैयासम्म छाडिदिए।

बाटामा चिया खान हामी केही स्थानमा रोकिएका थियौं। लाग्यो, मधेशमा मौनता छ। जहाँ पनि बाढीभन्दा अन्य गफ थिएन। चर्चाको विषय थियो– बाढी आएको जिल्लातिर कार्यरत मधेशवासी। चर्चा थियो– ती मधेशीहरू एक्लै थिएनन्, कतिपयसँग त परिवार का सदस्य पनि उतै थिए। चिया पसलका प्रश्न थिए– मधेशका कति धेरै मानिस रहेछन् है त्यता ? मधेशका मानिसले त्यता र ोजगार त राम्रै पाएका रहेछन्।

केहीको स्वीकारोक्ति थियो। कोही भन्दैथिए– 'अब पनि पहाड र मधेश भनेर हुन्छ ? जमाना कहाँबाट कहाँ पुगिसक्यो, जसले जहाँ काम पाउँछ, त्यहीं गर्ने हो नि!'

## सामाजिक र सांस्कृतिक निकटता

यात्राका क्रममा महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका उपप्राध्यापक जितेन्द्र झासँग सम्पर्क भएको थियो। मैले बाढीपछिको मधेशका सन्दर्भमा केही जानकारी लिन चाहेको थिएँ। उनले मलाई सामान्य जानकारी दिए। उनका अनुसार महोत्तरीका १० जना सम्पर्क बाहिर छन्।

मेरो प्रश्नको जवाफमा उनले भनेका थिए, 'यस पटकको बाढीमा परेर ज्यान गुमाउनेले त गुमाइहाले, बेपत्ता हुने भइहाले; निश्चय पनि त्यो दुःखद् हो। तर, एउटा कुरातर्फ भने सोच्न बाध्य बनाएको छ– हामी सामाजिक-सांस्कृतिक रूपमा विस्तारै नजिक भइरहेका रहेछौं। यसपटक रसुवा हिमालको पीडा मधेशलाई नराम्ररी दुःखेको छ।'

सप्तरीका अग्रज पत्रकार मुरलीप्रसाद यादवको भनाइ पनि त्यस्तै रह्यो। उनले भने, 'अहिले थाहा भयो, रसुवा र नुवाकोटमा त मधेश पनि बाँचेको रहेछ।'

रसुवाको बाढी र त्यहाँको भूगोलसँग मधेशका मानिस मात्र जोडिएका छैनन्। कतिपयका अनुसार बाढीले ल्याएर थुपारेका सामग्रीमा मधेश झल्किने सामग्री पनि छन्। बीबीसी हिन्दी सेवाले प्रसारण गरेको एउटा मर्मस्पर्शी भिडियो रिपोर्टमा त्रिशूलीको बगर मा मिल्किएको मिथिला पेन्टिङको एउटा फ्रेम पनि देखाइएको छ। उपप्राध्यापक झाका अनुसार त्यो पेन्टिङ कि त कुनै मिथिलावासीले यहाँ ल्याएका थिए कि त कसैले मिथिला क्षेत्रबाट उपहार प्राप्त गरेका थिए।

उनले भने, 'जेसुकै होस्, यो क्षेत्र र मिथिलाको सम्बन्ध त रहेछ नि!'

-झा पत्रकार महासंघ र राससका पूर्वअध्यक्ष हुन् ।

अनलाईन खबरबाट



# मटिहानी नगरपालिकाले बाढी प्रभावितको लागि पाँच लाख सहयोग गर्ने

खबर दर्पण समाचारदाता

**भदौ १६ गते, बर्दिबास**

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि मटिहानी नगरपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख रुपियाँ सहयोग गर्ने भएको छ। नगर कार्यपालिकाको बिहीबार बसेको बैठकले बाढीपहिरोबाट प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै उक्त रकम कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

नगरपालिकाले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै बाढीपहिरोमा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ। नगर पालिकाले बाढीबाट घाइते तथा प्रभावित नागरिकको शीघ्र स्वास्थ्यलाभ र सुरक्षित पुनर्स्नको कामना गर्दै विपद्को कठिन अवस्थामा प्रभावित परिवारको साथमा रहने प्रतिबद्धता जनाएको छ।

बैठकले विपद् प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि नेपाल सरकारले सञ्चालन गर्ने अभियानमा आवश्यक सहयोग गर्ने निर्णयसमेत गरेको छ। नगर पालिकाले मानवीय सहयोगका लागि आवश्यकता अनुसार निरन्तर सक्रिय रहने जनाएको छ। यसैबीच, भोटेकोशी बाढी पहिरोमा परी सम्पर्कविहीन भएका मटिहानी नगरपालिका-७, निवासी ४० वर्षीय गङ्गाराम मण्डलको तत्काल खोजी तथा उद्धारका लागि नगरपालिकाले सरकारसँग आग्रह गरेको छ।नगर कार्यपालिकाले मण्डलको अवस्था तत्काल सार्वजनिक गर्न तथा खोजी र उद्धार कार्यलाई तीव्रता दिन सम्बन्धित निकायको



ध्यानाकर्षण गराएको हो।

नगरपालिकाले विपद्को समयमा उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन तीनै तहका सरकार, सुरक्षा निकाय, स्थानीय समुदाय तथा सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको जनाएको छ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,